दमक नगरपालिका,झापा

**स्थानीय राजपत्र**

**वर्षः ८** **प्रमाणीकरण मितिः २०८१।११।२०**

**संख्याः ३** **प्रकाशन मितिः२०८१।११।२८**

**भाग -१**

# दमक नगर आधारभुत तथा माध्यमिक शिक्षा ऐन पहिलो संशोधन २०८१

**प्रस्तावनाः-** दमक नगर आधारभुत तथा माध्यमिक शिक्षा ऐन २०७६ संशोधन गर्न बाञ्छनीय भएकोले,

नगर सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम दमक नगर आधारभुत तथा माध्यमिक (पहिलो संशोधन) ऐन २०८१ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. दमक नगर आधारभुत तथा माध्यमिक शिक्षा ऐन २०७६ मा दफा १६ मा संशोधनः-** दमक नगर आधारभुत तथा माध्यमिक शिक्षा ऐन २०७६ (यस पछी "मुल ऐन" भनिएको छ।) को दफा १६ को उपदफा ६ मा रहेको "उपदफा २,३ र ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठी र कम्पनीको रुपमा

सञ्चालन गर्न पाउने गरी अनुमती दिइनेछैन।" भन्ने वाक्याशंको सट्टामा " उपदफा २,३, र ५ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई संस्थागत विद्यालय वा शैक्षिक गुठी वा कम्पनीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति दिइनेछैन"।

**३. मुल ऐनको दफा २४ मा संशोधनः-** १) मुल ऐनको दफा २४ को उपदफा १ मा रहेको " वटा र विद्यालयका " भन्ने शब्दको विचमा " सामुदायिक " भन्ने शब्द थप गरीएको छ।

२) मुल ऐनको दफा २४ को उपदफा २ मा रहेको "अनुमति वा दुरीको सम्बन्धमा विवाद भइ सम्बन्धित विद्यालयको सहमति हुन नसकेमा वडा कार्यालयले आवश्यकता समेतलाई विचार गरी विद्यालय खोल्न सिफारिस दिन वा नदिन सक्नेछ" भन्ने वाक्यशंको सट्टामा "अनुमति वा दुरीको सम्बन्धमा विवाद भइ सम्बन्धित विद्यालयको सहमति हुन नसकेमा नगरपालिकाले दुरी यकिन गर्नेछ" भन्ने वाक्यशं राखिएको छ।

**४. मुल ऐन को दफा ३१ मा संशोधनः-** मुल ऐनको दफा ३१ को उपदफा २ रहेको " उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयले अनुदान,उपहार एवम् सहयोग लिन सक्नेछ।" भन्ने वाक्याशंको सट्टामा " उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयले विद्यार्थीका अभिभावक वा कुनै व्यक्ति वा सँस्थासँग अनुदान,उपहार एवम् सहयोग लिन सक्नेछ।" भन्ने वाक्यांश राखिएको छ।

**५. मुल ऐनको दफा ४४ मा संशोधानः-** मुल ऐनको दफा ४४ को मा रहेको वाक्यांश पछी थप

"तर, विदेशी संस्था वा व्यक्तिसँग सहायता लिंदा नगरपालिकाको पूर्व स्विकृति लिनुपर्नेछ।“ भन्ने वाक्यांश थप गरिइएको छ।

**६. मुल ऐनको दफा ४६ मा संशोधानः-** (१)मुल ऐनको दफा ४६ को मा रहेको " उपलब्धीमुलक" भन्ने शब्दको सट्टा मा "उपलब्धी" भन्ने शब्द राखीएको छ।

**७. मुल ऐनको दफा ५२ मा संशोधानः-** (१)मुल ऐनको दफा ५२ को उपदफा २ मा रहेको व्यवस्था हटाइएको छ।

**५२**(२) ............................................

(२) मुल ऐनको दफा ५२ को उपदफा ३ मा रहेको व्यवस्था हटाइएको छ।

५२(३)............................................................

**८. मुल ऐनको दफा ६० मा संशोधनः-** (१)मुल ऐनको दफा ६० को उपदफा २ खण्ड घ मा रहेको " नगर कार्यपालिका सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले तोकेको कम्तीमा १ महिला सहित २ जना - सदस्य " भन्ने वाक्यांशको सट्टा "नगर कार्यपालिका सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले तोकेको कम्तीमा २ महिला सहित ३ जना - सदस्य" भन्ने वाक्यांश राखीएको छ।

(२) मुल ऐनको दफा ६१ को उपदफा २ खण्ड ङ मा रहेको "संस्थागत विद्यालयका प्रधानाध्यापक/संचालकहरु मध्ये नगर कार्यपालिकाले मनोनित गरेको १ जना सदस्य " भन्ने वाक्यांशको सट्टा "संस्थागत विद्यालयका प्रधानाध्यापक/संचालकहरु मध्ये नगर कार्यपालिकाले मनोनित गरेको कम्तीमा १ महिला सहित २ जना सदस्य" भन्ने वाक्यांश राखीएको छ।

**९. मुल ऐनको दफा ६२ मा संशोधनः-** १) मुल ऐनको दफा ६२ को उपदफा ४ मा रहेको "समितिले र अध्यक्ष" भन्ने शब्दको विचमा "पदेन सदस्य र शिक्षक प्रतिनिधि बाहेक अन्य सदस्यहरु मध्येबाट" बमोजिमको वाक्यांश थप गरिएको छ।

२) मुल ऐनको दफा ६२ को उपदफा ८ मा रहेको "पदावधी र तीन" भन्ने शब्दको विचमा " अध्यक्ष चयन भएको मितिले " बमोजिमको वाक्यांश थप गरिएको छ।

**१०. मुल ऐनको दफा ६९ मा संशोधनः-** १) मुल ऐनको दफा ६९ मा रहेको "नगर शिक्षा समिति,वडा शिक्षा संयोजन समिति एवम् विद्यालय व्यवस्थापन समितिलाई नगर प्रमुखले आवश्यक निर्देशन दिन सक्नेछ।त्यस्तो निर्देशन विद्यालयको हितमा हुनेछ।" भन्ने वाक्यांशको सट्टामा "नगर शिक्षा समिति,वडा शिक्षा संयोजन समिति एवम् विद्यालय व्यवस्थापन समितिलाई नगर प्रमुखले आवश्यक निर्देशन दिन सक्नेछ।" बमोजिमको वाक्यांश थप गरिएको छ।

**११. मुल ऐनको दफा ७८ मा संशोधनः-** १) मुल ऐनको दफा ७८ पछी दफा ७८. क थप गरिएको छ।

**७८ क.** शिक्षकलाई अन्य काममा लगाउन नहुनेः सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीलाई विद्यालय प्रशासन वा शैक्षिक गुणस्तर विकास सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाउने छैन। तर नेपाल सरकारको तर्फबाट सम्पादन गर्नुपर्ने काम तथा नगरपालिकाबाट आयोजना गरिने कार्यक्रमहरुमा विद्यालयको शिक्षक वा कर्मचारी लाई खटाउन कुनै बाधा पर्नेछैन ।

**आज्ञाले**

**गणेशराज कार्की**

**प्रमुख प्रशासकिय अधिकृत**